फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

पत्र संख्या: २०७७/७८

## प्रेस विज्ञप्ती

मिति:२०७७/०५/०२

आज मिति २०७७/०५/०२ गते मंगलबार कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख कृष्णहरि थापा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी निम्न विषयहरुमा निर्णय भएको हुँदा निर्णय जानकारीका लागि यो प्रेस विज्ञप्ती जारि गरिएको छ । विगतमा जस्तै निर्णय कार्यान्वयनका लागि सम्बन्धीत पक्ष, आमनगरबासीको सहयोगको अपेक्षा गरेका छौं ।

१. **"सुरक्षित हुन अनिवार्य मास्क प्रयोग गरौ, कागेश्वरी मनोहरा नगरपालिका भित्र कोरोना संक्रमण नियन्त्रण गरौ"** भन्ने मूल नारालाई सार्थक बनाउन यस नगरपालिका भित्र मास्क प्रयोग नगरी हिड्डुल गर्न पूर्णरुपमा निषेध गर्ने, अटेर गरेमा कानूनी कारवाहीको दायरामा ल्याउने ।

२. हरेक वडामा रहेका टोल सुधार समिति, सामाजिक संघ संस्थालाई वडा कार्यालयको समन्वयमा वडा भित्र रहेका बिभिन्न बस्तीमा कोरोना संक्रमण नियन्त्रणका लागि सक्रिय गराउने । वडामा कोहि संक्रमित भेटिए वा सो रोग सम्बन्धी लक्षण देखिएमा नगर स्वास्थ्य शाखा संग समन्वय गरि स्वास्थ्य सुरक्षा र उपचारको व्यवस्था गर्ने ।

३. यस नगरपालिका भित्र २०७७ बैशाख १ गते देखिं २०७७ श्रावण ०७ गते सम्म १० जनामा कोरोना पोजेटिभ पुष्टि भएको र सार्वजनिक यातायात संचालनमा आए पश्चात संक्रमितको सङ्ख्यमा वृद्धि भई आजको मिति सम्म ६० जना संक्रमित पुगेको हुँदा तत्काललाई २०७७ भाद्र १५ गते सम्म यस नगरपालिका भित्र संचालनमा रहेका सम्पूर्ण सार्वजनिक यातायात बन्द गर्ने।

४. नगरबासीका लागि आवश्यक आपतकालीन सेवा सम्बन्धित वडा अध्यक्ष संग मोबाईलमा सम्पर्क गरि प्राप्त गर्न सकिने हुँदा वडा कार्यालय तथा नगरपालिकामा विपद र स्वास्थ्य संग सम्बन्धित काम बाहेक अन्य सेवा पूर्णरुपमा बन्द गरिने ।

५. कपाल काट्ने शैलुन र व्यूटिपार्लर, चिया पसल, फेन्सी स्टोर तथा कपडा पसल, मोबाइल, घडी, इलेक्ट्रोनिक पसल, मदिरा पसल, मेकअप सामान बेच्ने पसल, बुटिक पसल, सुनचाँदी पसल, भाँडाकुँडा पसल, ट्यूसन सेन्टर, ठेलागाडा र कवाडी संकलन, रेष्टुरेन्ट (प्याकीङ मात्र पाउने), स्नुकर, मासु पसल, स्नुकर, व्यायामसाला (जिम खाना), फुटसललाई अर्को सूचना प्रकाशित नभएसम्म पूर्णरुपमा बन्द गर्ने । साथै नगरपालिका भित्र संचालनमा रहेका वित्तीय कारोबार गर्ने बैंक तथा सहकारी संस्थाले आवश्यक स्वास्थ्य सुरक्षा अपनाई नियमित कार्य संचालन गरेको नदेखिदा संक्रमण फैलनबाट रोक्नका लागि अत्यावश्यक कार्यमा समय निर्धारण गरि सेवा सुचारु गराउन जानकारी गराउने ।

६. मिति २०७७ भाद्र ०१ गते नगरपालिकाको जनस्वास्थ्य आपतकालीन टिमको निर्णयको सिफारिसको आधारमा प्रस्तावित नगर हस्पिटललाई आवश्यक स्वास्थ्य उपकरण, औषधि, जनशक्तिको व्यवस्थापन गरि कोरोना संक्रमण नियन्त्रणका लागि प्रभावकारी ढंगले संचालन गर्ने ।

राजाराम पुडासैनी
नगर प्रवक्ता